## १. पृष्ठभूमिः

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र सम्बृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ[१]।

उक्त उद्देश्यलाई सार्थक पार्न संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्त लाई अंगिकार गर्दै संघ प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ । यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गिण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति गरेको छ[२]।

वर्तमान संविधानले अनुसूची-५ मा संघीय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका २१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ।

संविधानको अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ वमोजिम स्थानीय सरकारहरुले आवश्यक पर्ने वार्षिक, दीर्घकालीन, तथा रणनीतिक योजनाहरु निर्माण गरि लागु गर्न सक्ने कुरा उल्लेख छ। त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालिन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने तथा वित्तिय अनुशासन कायम गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ। स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ दफा ५.५.३ ले वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा

[१] नेपालको संविधान, २०७२, भाग ४ राज्यका निर्देशक सिद्धान्त

[२] नेपालको संविधान, २०७२

गर्दा (क) स्थानीय तहको आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, राणनीति र ख) स्थानीय तहको खर्च संरचनालाई आधार वनाउनु पर्ने कुरा उल्लेख छ ।

हाल संघियता लागु भएपश्चात स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई, लागू गर्नुपर्नेछ (परिच्छेद ६, दफा २४ (१) भन्ने व्यवस्था गरेको छ । त्यस्तै गरी उपदफा (१) वमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिन पर्नेछ भन्ने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐनकै प्रावधान मुताविक पालिकाहरुको आवधिक योजना तयार गर्दा देहायका विषयहरुलाई समेटने गरी योजनाको तर्जुमा गर्नुपर्नेछ भन्ने विषय उल्लेख गरिएको छ । जसअनुसार, (क) पालिकाको आर्थिक विकास तथा गरिबीनिवारण (ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने योजना तथा कार्यक्रम (ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढने (घ) स्थानीय वासीन्दाहरुको सहभागिता जुटने (ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने (च) महिला बालबालिका, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, (छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हनु (ज) दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुचाउने (भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुचाउने योजनाहरु छनौट गर्ने बिषयहरु उल्लेख गरिएको छ ।

विकासको अवधारणा अनुसार नेपालका शहरी क्षेत्रमा मात्रै होइन ग्रामीण क्षेत्रमा पनि त्यस्तै अव्यवस्थीत रुपमा भौतिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । तापनि शहरी तथा ग्रामीण क्षेत्रमा विना मापदण्ड र प्राविधिक ज्ञान विपरित भइरहेको सडक निर्माण, भवन निर्माण तथा त्यस्तै अन्य विकासका कार्यक्रम तथा योजनाबाट दिगो विकासलाई थप चूनौतिको आभास भइरहेको छ, जसको कारण योजनाबद्ध विकासको अवधारणा र मापदण्ड विपरीत पूर्वाधारका योजनाहरु सञ्चालन गर्नुले हो ।

विविध समस्याका वावजुद पनि राज्य संयन्त्रको सुनुवाइको अवस्था धेरै नै कमजोर रहेको छ । राज्यको सुनुवाइको अवस्थालाई विश्लेषण गर्ने हो भने यो ज्यादै कमजोर र तदर्थबादमा आधारित छ । कमजोर संस्थागत क्षमता नै सरकारी निकायहरुलाई नेतृत्व गर्ने कारकको रुपमा रहेको छ । यस्ता समस्याहरुले सार्वजनिक निकायहरुले दिने सेवाको गुणस्तरियता, चुस्तता तथा प्रभावकारीतामा सधैं प्रश्न चिन्ह खडा गरीरहेको छ । यसको समाधानको लागि पनि नेपालका सार्वजनिक निकायहरुको आफ्नो छुट्टै अल्पकालिन तथा दिर्घकालिन योजना भइदियो भने भविश्यमा लिने बाटोलाई सुनिश्चित गर्दछ ।

नेपालमा संघियताको कार्यान्वयन भइसकेको अवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भइसकेको अवस्थामा स्थानीय तहहरुले प्राप्त गरेको भूमिका र जिम्मेवारीलाई आत्मसाथ गर्दै उक्त भूमिका र जिम्मेवारी अनुसार स्थानीय तहहरुले आफ्ना नीति तथा योजनाहरु पुरा गर्नुपर्ने अवस्था रहेको छ । यसमा सवैभन्दा महत्वपूर्ण भूमिका र जिम्मेवारी भनेको स्थानीय तहबाट प्रदान गरिने सेवा र सुविधा प्रमुख रुपमा देखा पर्दछन । स्थानीय तहबाट प्रदान गरिने सेवा र सुविधालाई के, कसरी, कहिले, र कहा प्रदान गर्ने भन्ने बिषय स्पष्ट भएन भने त्यसले स्थानीय तहको भूमिकाप्रति नागरिकको विश्वासमा कमि आउन सक्दछ । त्यसैले प्रदान गरिने सेवा र सुविधालाई प्रभावकारी बनाउन समयबद्ध योजना सबैभन्दा महत्वपूर्ण रहेको छ ।

यीनै बिषयबस्तु तथा ऐनको प्रावधानलाई मध्यनजर राख्दै राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ र प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन २०७५, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ जसमा सार्वजनिक खर्चको विवरण तयार गर्दा नेपाल सरकार, प्रदेश र स्थानीय तहले आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेषण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेछ भन्ने कुरा उल्लेख गरेको छ । यसको साथै नेपालको दीर्घकालिन सोंच २१०० को आधारमा पन्ध्रौ योजना (२०७६/०७७-२०८०/०८१) तर्जुमा गरिएको छ जसले स्थानीय तहमा तर्जुमा हुने आवधिक योजनालाई दीर्घकालिन सोंच सहितको खांका तयार गर्ने भन्ने कुराको उल्लेख गरेको हुंदा यसैको परिधी तथा सीमा भित्र रहि प्रदेश सरकारको नीति निर्देशनको पालना सहित टोखा नगरपालिकाको २०७७ असोज १८ गतेको कार्यपालिकाको बैठक तथा निर्णयले आगामि ५ (पाँच) बर्षको आवधिक योजना तर्जुमा गर्ने कार्यलाई अगाडि बढाएको छ । उक्त आवधिक योजनाको तर्जुमा गर्ने कार्यको लागि टोखा नगरपालिकाले उपयुक्त परामर्शदाताहरुबाट प्रस्तावना (आर्थिक तथा प्राविधिक) मागी नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने उद्देश्य लिएको छ । उक्त कार्यको लागि सो क्षेत्रमा कार्य गरेका परामर्शदाताहरुबाट प्रस्तावको आह्वान गरिन्छ ।


## २. नगरपालिकाको संक्षिप्त परिचय

टोखा नगरपालिका नेपालका ७ प्रदेश मध्ये बाग्मती प्रदेशको काठमाण्डौं जिल्लामा अवस्थित छ । यस नगरपालिकाको गठन: वि.सं. २०७१ मंसीर १६ गते (नेपाल सरकार मन्त्री परिषदको निर्णय अनुसार) साविकका झोरमहांकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी र गोगंवु गा.वि.सहरु: समेटी गठन भएको हो । पूर्वमा बुढानिलकण्ठ नगरपालिका, पश्चिममा तारकेश्वर नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा काठमाडौं महानगरपालिकाको वडा नं. ३ र २६ संग सिमाकिंत यस नगरपालिकामा जम्मा वडा संख्या: ११ वटा रहेका छन । जम्मा क्षेत्रफल: १७.११ वर्ग किलो मिटर ओगटेको यस नगरपालिकामा झोरमहाँकालको वौडेश्वर महादेव, टोखा चण्डेश्वरीको सपनतिर्थ, टोखा सरस्वतीको इन्द्रेणी (भुतखेल) चौर, धापासीको वसुन्धरादेवी, गोगंवुँको मनोहरतिर्थ, वीचविनायक जस्ता प्रमुख पर्यटकिय क्षेत्रहरु रहेका छन ।

विश्वमान चित्रमा यस नगरपालिकाको भौगोलिक अवस्थिति २७ डिग्री ४३ मिनेट १९सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री ४८ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २० मिनेट ९ सेकेन्ड पूर्वी देशान्तरदेखि ८५ डिग्री २३ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस नगरपालिकाको उचाइ समुन्द्री सतहदेखि १२८० देखि २६५० मिटरसम्म रहेको छ । यस नगरपालिकाको कुल साक्षरता दर सरदर ९७.९ प्रतिशत रहेको छ ।

### ३. कार्यक्षेत्र

आवधिक नगर विकास योजना टोखा नगरपालिकाको समग्र भूगोल तथा क्षेत्रलाई समेटीनेगरी तयार गर्नुपर्नेछ । जसमा सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, वातावरणीय क्षेत्र, शुसासन, अन्तर सम्बन्धीत क्षेत्रहरु जस्तै विपद व्यवस्थापन, लैङ्गिंक विकास तथा सामाजिक समावेसीकरण, संस्थागत विकास लगायतका क्षेत्रहरु पर्दछन् ।




### ४. उद्देश्य :

समग्रतामा यस कार्यको उद्देश्य टोखा नगरपालिकाको विस्तृत योजना तर्जुमा गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरुमा देहाय वमोजिम रहेका छन् ।

- नगरपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा नगरपालिकाको विकासको खाका कोर्ने,

- पन्ध्रौ पञ्चबर्षिय योजनाको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति तथा संयुक्त राष्ट्र संघका दीगो विकासका लक्ष्यहरु प्राप्तिकालागि योगदान पुऱ्याउने,
- नगरपालिकाको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि मध्यकालीन, वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशित गर्ने,
- समष्टि र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।
- नगरपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मुर्तरुप दिनसक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।

## ५. कार्य क्षेत्रमा समावेस गर्नुपर्ने बिषयहरु तथा तरिका

आवधिक नगर विकास योजना तयार गर्ने कार्यादेश पाएपछि तर्जुमा गर्नको लागि सम्बन्धित सबै पक्षबीच आपसी सरसल्लाह, समझदारी कायम गरी के कसरी योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाउने हो सोको लागि पूर्वयोजना तयारी कार्यशाला गोष्ठीको आयोजना गर्नुपर्नेछ। नगरको वस्तुस्थिति, विशेषता र आवश्यकता अनुसार आवधिक योजना दस्तावेजको रुपरेखा निर्धारण गरी कार्यक्षेत्रको पहिचान गर्नुपर्नेछ। आवधिक योजना तर्जुमा गर्न चाहिने साधन (Inputs), प्रक्रिया (Process) , नतिजा (Outputs) प्रतिफल (Outcome), तथा प्रभाव (Impact) निर्धारण पनि यसै प्रक्रियामा गरिनेछ । साथै आवधिक योजना तर्जुमा गर्ने समय /कार्ययोजना तयार गरिने र योजना तयारीका लागि कार्ययोजना तर्जुमा गरिनेछ ।

आवधिक नगर विकास योजनामा न्यूनतम रुपमा देहायका विषयहरु समावेस भएको हुनुपर्नेछ, प्रस्तुत गरिएका बिषयवस्तु वाहेकका विषयहरु मात्र समावेस हुनुपर्ने छ भन्ने नभइ सोभन्दा बढी विषय समोवेस भएमा त्यसलाई अझ प्रोत्साहन गरिनेछ ।

### क. स्रोत वा आधार नक्शाको तयारी तथा विश्लेषण

स्रोतनक्शाको विश्लेषण गर्नुको उद्देश्य नगरपालिकाको भौगोलिक क्षेत्रको वर्तमान अवस्था तथा नगरपालिका क्षेत्रको प्राकृतिक, भौगोलिक तथा सामाजिक सम्भावना, अवसर र चूनौतिको विश्लेषण गर्नु हो जुन पाँच वर्ष, १० बर्ष र १५ बर्षलाई हेरी सोही अनुसार विश्लेषण गरी नगरपालिका क्षेत्रको

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ग्रेटर, काठमाडौं
२०७३

सम्भावना, अवसर र चूनौतिको विश्लेषण गरीनेछ । यसरी तयार गरीएको तथ्याङ्क विशेषगरी स्थानविशेष हुनेछ र उक्त तथ्याङ्कलाई भौगोलिक सूचनाप्रणालीमा आधारित विषयगत नक्शाको रुपमा तयार गर्नुपर्नेछ। यसरी तयार गर्नुपर्ने नक्साको विवरण देहाय वमोजिम हुनेछ ।

- आधार नक्सा जसमा अद्यावधिक बाटो, लगायतका क्षेत्र उल्लेख गर्ने ।
- जनसंख्या घनत्व र बृद्धि दर ।
- भूउपयोग नक्सा (वस्ती, व्यापारिक क्षेत्र, औद्योगिक क्षेत्र, कृषि भूमि, प्राकृतिक वन जंगल, सार्वजनिक क्षेत्र आदी)
- यातायातको पहुँच र सो सम्बन्धि विभिन्न किसिमका सडक सञ्जाल आदी ।
- खानेपानीका स्रोत र सो सम्बन्धि विवरण ।
- विभिन्न सेवाहरु (स्कुल, स्वास्थ्य भवन, कृषि, वन आदी)
- विपद उन्मुख क्षेत्रहरु
- सांस्कृतिक तथा पर्यटकिय नक्सा
- एकिकृत नक्सा

माथि उल्लेखित नक्साहरु तयार गर्दा परामर्शदाताले विद्यमान सूचनाहरु सम्बन्धित नगरपालिकाबा संकलन गरी तयार गर्नुपर्नेछ । थप सूचनाको आवश्यकता भएमा नगरपालिकाले विभिन्न स्रोतबाट उपलब्ध गराउने छ।

**ख. वस्तुगत विवरण**

आवधिक नगर विकास योजना तयार गन नगरको वस्तुगत विवरण प्राथमिक विषय हुने भएकोले परामर्शदाताले वस्तुगत विवरण तयार गरी योजना तयार गर्नुपर्नेछ । यस्तो वस्तुगत विवरण जनसांख्यीक विवरणको हकमा द्बितिय स्रोत र संस्थागत विवरणको हकमा प्राथमिक स्रोतको आधारमा तय गर्नुपर्नेछ। वस्तुगत विवरणलाई विभिन्न वर्षमा विभाजन गरी विश्लेषण गर्नुपर्नेछ ।

**ग. विश्लेषणात्मक विवरण**

परामर्शदाताले प्राप्त विवरणहरुलाई विभिन्न सिद्धान्त र अभ्यासको प्रयोग गरी विश्लेषण गर्नुपर्नेछ जुन मूल रुपमा देहाय वमोजिमका रहेका छन् ।

- **Trend** विश्लेषण : जस अनुसार नगरपालिकाको जनसंख्या, उत्पादन, जनशक्ति, आर्थिक विकास जस्ता विषयहरुलाई समावेस गर्नुपर्नेछ ।
- सवल, निर्वल, अवसर तथा चूनौति (**SWOT**) विश्लेषण: नगरपालिकाको आफ्नो सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चूनौतिको विश्लेषण गर्नुपर्नेछ । यस्तो विश्लेषण सरोकार पक्ष,

निर्वाचित पदाधिकारी लगायत नगरपालिकामा कार्य गर्ने विषयगत शाखाका कर्मचारीहरुको समेत सहभागितामा तयार गर्नुपर्नेछ ।

- स्थानगत विश्लेषण (**Spatial analysis**) : परामर्शदाताले नगरपालिका क्षेत्रको विभिन्न भूगोलको विश्लेषण गरी त्यहाको अवसर र सम्भावनाको आधारमा विश्लेषणात्मक प्रतिवेदन तयार गर्नुपर्नेछ जसअनुसार उक्त प्रतिवेदनले नगरपालिकाको भूगोलको आर्थिक सम्भावनालाई समेत चित्रण गरोस ।
- वित्तिय विश्लेषण : नगरपालिकाले तय गरेको आवधिक योजनालाई पुरा गर्न आवश्यक वित्तिय अवस्थाको विश्लेषण गर्नुपर्ने छ जसमा आन्तरिक स्रोत र वाह्यिय स्रोतको समेत विश्लेषण गरी आवधिक योजनाले लिएका लक्ष्यहरु पुरा गर्न के कति स्रोत र साधनको अपुग हुने हो सोको लेखाजोखा गर्नुपर्नेछ ।

**घ. नगरपालिकाको दिर्घकालिन सोंच (Vision )**

नगरपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारी तथा सरोकार निकायको सहभागितामा दिर्घकालिन दृष्टिकोण तयार गर्न परामर्शदाताले सहजीकरणको भूमिका निर्वाहा गर्नुपर्नेछ । दिर्घकालिन दृष्ट्किोण निर्माण गर्न परामर्शदाताले सहजकर्ता तथा विज्ञको रुपमा कार्यगर्नुपर्नेछ ।

**ङ. विषयगत उद्देश्य, उपलब्धी तथा कार्यक्रमको तयारी**

परामर्शदाताले तर्कबद्ध योजना तर्जुमाको खाँका ( Logical Framework Approach (LFA) माध्यमबाट खास गरी पाँच वटा विषयक्षेत्रहरु (भौतिक पूर्वाधार, सामाजिक विकास, आर्थिक विकास, वातावरण तथा विपद व्यवस्थापन र शुसासन तथा सेवा प्रवाह) को खाँका तयार गर्नुपर्ने छ । उक्त खाँका अनुसार योजना तयार गर्दा कम्तीमा ५ बर्षको लागि सूचकहरुको बार्षिक विभाजन गरी योजनालाई अन्तिम रुप दिनुपर्नेछ ।

**च. भौतिक योजना तयारी** : यो आवधिक योजनाले नगरपालिकाको भौतिक योजना तयार गर्ने छ । जसमा भौतिक पूर्वाधारले समेटने क्षेत्रहरुको सालवसाली विभाजन समेत तय हुनेछ ।

**छ. वातावरण व्यवस्थापन योजना**: आवधिक योजनाले दिर्घकालिन वातावरण व्यवस्थापन योजना तय गर्नेछ । जसमा देहायका विषयहरुलाई समेटने छ ।

- फोहरमैला व्यवस्थापन (घटाउने, पुर्नप्रयोग गर्ने, प्रबर्द्धन गर्ने तथा फोहर व्यवस्थापन स्थल)
- फोहर पानी व्यवस्थापन
- हावा, पानी, जमिन तथा आवाज प्रदुषण
- हरियाली तथा सरसफाई
- वातावरण संरक्षणको लागि नियन्त्रण र प्रबर्द्धन

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चण्डोल, काठमाडौं
२०७३

- मुख्य योजना निर्माणमा अवलम्बन गर्नुपर्ने IEE र EIA

**ज. सामजिक विकास योजना**

टोखा नगरपालिकाको सामजिक विकास योजना तयार गर्दा देहायका विषयहरु समावेस गरिएको हुनेछ ।

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- महिला, बालबालिका, फरकक्षमता भएका, जेष्ठ नागरिक, दलित, जनजाति आदी
- सामाजिक सुरक्षा (भौतिक तथा सामाजिक)
- सांस्कृति, खेलकुद तथा मनोरञ्जन स्थल र सार्वजनिक स्थल

**झ. सांस्कृतिक संरक्षण तथा पर्यटन विकास योजना**

स्थानीय संस्कृति, सम्पदा, तथा धार्मिक र पर्यटकिय स्थलको संरक्षण सर्म्बधन र विकासको लागि योजना तयार हुने । उक्त योजनामा पर्यटन विकासलाई मूलधार मानी आर्थिक विकाससँग सम्बन्ध कायम गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्दै जाने ।

**ञ. आर्थिक विकास योजना**

आवधिक योजनामा विश्लेषणात्मक रुपमा आर्थिक विकास योजना तयार गरी समावेस गर्नपर्ने छ । आर्थिक विकास योजनाले प्रत्यक्ष रुपमा नगरको आर्थिक विकासलाई योगदान दिने हुनाले यसको फरक महत्व छ । यसै योजनाबाट समग्र नगरको विकासको मानचित्रको अवलोकन गर्न सकिन्छ । त्यसैले आर्थिक विकास योजनालाई बढीभन्दा बढी स्वीकार्य र भरपर्दो बनाउनुपर्ने हुन्छ । आर्थिक विकास योजनामा न्यूनतम रुपमा देहायका बिषयहरु समावेस गरिएको हुनुपर्दछ ।

- आर्थिक विकास योजनामा क्षेत्रगत रुपमा तुलनात्मक फाइदालाई बिश्लेषण गर्नुपर्ने ।
- औद्योगिक विकास जस्तै: लघु तथा घरेलु उद्योग, साना तथा मझौला उद्योग
- सेवा उद्योग र व्यवसाय जस्तै पर्यटन, होटल आदी
- रोजगारी बृद्धि तथा गरिबी घटाउने योजना
- कृषि तथा गैर कृषि विकास योजना (कृषि वन उत्पादन, गैरकाष्ठजन्य पदार्थको उत्पादन, नगदे वाली, खाद्यान्न वाली, तरकारी, फलफुल, भण्डारण व्यवस्थापन, संकलन केन्द्र, वजारीकरण आदी)
- कृषि र पर्यटनको लागि गाउँशहर सञ्जाल,

- अन्य सम्भाव्य कृषिका उत्पादन र वजारका क्षेत्रहरु

**ट. वित्तिय योजना**

आवधिक योजनामा उल्लेख गरिएका बिषयहरु, लक्ष्य, उद्देश्य र कार्यक्रमहरु पुरा गर्न वित्तिय योजना तयार गर्नुपर्ने छ । यस्तो वित्तिय योजना आन्तरिक स्रोतबाट सम्भव हुनेको हकमा सोही अनुसार र वजेट अपुग हुने योजना तथा कार्यक्रमको हकमा सोही अनुसार तय गर्नुपर्नेछ ।

**ठ. संस्थागत विकास योजना**

संस्थागत तथा संगठनात्मक विकास योजना आवधिक योजनाको लागि अपरिहार्य विषय हुन आउदछ । आवधिक योजनाले लिएको लक्ष, उद्देश्य तथा कार्यक्रमहरु पुरा गर्न सांगठनिक क्षमताको विश्लेषण यो योजनाले गर्दछ । जसअनुसार उपलब्ध जनशक्ति, उपकरण, संगठनको विश्लेषण गरी यदी जनशक्ति तथा उपकरण अपुग हुने अवस्था देखिएमा, क्षमता विकास गर्नपर्ने आवश्यक देखिएमा, सोही अनुरुप थप कार्ययोजना बनाउन सुझाव समेत दिनुपर्नेछ ।

**ड. विपद जोखिम व्यवस्थापन योजना**

नगरपालिका क्षेत्रमा विपद जोखिमको हिसावले के कस्तो अवस्था छ सो विश्लेषण गरी विपद जोखिम व्यवस्थापन योजना तयार गर्नुपर्नेछ । जसमा न्यूनतम रुपमा देहायका विषयहरुलाई समावेस गर्नुपर्नेछ ।

- पैरो, भूक्षय, बाढी, भुकम्प, आगलागि, शितलहर जस्ता बिषयलाई समेटी सोही अनुरुपको योजना तयार गर्ने ।
- विपद पूर्ब तयारी योजना
- विपदको समयमा वा विपद पश्चात तुरुन्त गर्नुपर्ने कार्यहरु
- विपद पश्चात गर्नुपर्ने कार्ययोजना

**ढ. बहुक्षेत्र  लगानी योजना**

आवधिक योजनामा उल्लेख गरिएका योजना तथा कार्यक्रमहरु नगरपालिकाले आफुले मात्र गर्न सक्ने, साझेदारीमा गर्न सक्ने तथा अन्य बिषयगत निकाय, प्रदेश सरकार तथा संघिय सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा गर्ने गरी बहुक्षेत्रगत लगानी योजना तयार गर्नुपर्ने छ । उक्त योजना तयार गर्दा तत् तत् निकायसँग छलफल तथा परामर्श गरी तय गर्नुपर्नेछ ।

**६. आवधिक योजना तयारीको लागि नगरपालिकाको भूमिका तथा जिम्मेवारी**

परामर्शदाताले पाएको जिम्मेवारी अनुसार कार्यपुरा गर्न नगरपालिकाको भूमिका तथा जिम्मेवारी देहाय अनुसार हुनेछ ।

टौखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुबहाल, काठमाडौं
२०७३

- सम्झौता पश्चात परामर्शदातालाई नगरपालिकाले फोकल कर्मचारी तोकीदिनुपर्नेछ ।
- सम्झौतामा उल्लेख भए अनुसार कार्य गर्न नगरपालिकाले आवश्यक सूचनाहरु उपलब्ध गराउने ।
- परमर्शदाताले संकलन गर्नुपर्ने सूचनाहरु संकलन गर्न सहयोग गर्ने ।
- आवश्यकता अनुसार, सरोकार निकाय तथा व्यक्तिहरुलाई जमघट तथा भेला गराउने कार्य तथा पत्राचारका लागि नगरपालिकाले सहयोग गर्नेछ ।
- निर्वाचित जनप्रतिनिधिहरु तथा विषयगत शाखाका कर्मचारीहरुलाई भेला गराउने, निजहरुबाट सूचना प्राप्त गर्ने ।
- आवधिक योजना तर्जुमा गर्ने गोष्ठि, भेला तथा बैठकमा उपस्थीती गराउने ।
- गोष्ठि, भेला तथा वैठक स्थल उपलब्धी गराउने ।

**७. परामर्शदाताको भूमिका तथा जिम्मेवारी**

आवधिक योजना तयारी कार्यको लागि नगरपालिका र परामर्शदाता विच भएको सम्झौता अनुसार कार्य गर्नु परामर्शदाताको जिम्मेवारी हुनेछ । सो अनुसार कार्यक्षेत्रगत सर्तमा तोकिए अनुसारका विज्ञ उपलब्ध गराउनु परामर्शदातको जिम्मेवारी हुनेछ । परामर्शदाताले तयार गरेका सम्पूर्ण अध्ययन सामाग्री, प्रतिवेदन, बैठक माइन्युट तथा दस्तावेज नगरपालिकाको रेकर्डको रुपमा रहने हुनाले उक्त दस्तावेजहरु नगरपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ । यसको साथै ५ प्रति रंगिन प्रतिवेदनको साथमा १ थान पेनड्राइभमा सफ्टकपी पनि उपलब्ध गराउनु पर्नेछ ।

**८. विज्ञ तथा जनशक्ति**

आवधिक योजना तयार गर्ने कार्यको लागि परामर्शदाताले देहाय अनुसारका विज्ञ टोलीको व्यवस्था गर्नुपर्ने छ ।

**क. टोली नेता तथा योजना विद:**
शहरी तथा योजना विकास, समाजशास्त्र, भूगोल, ग्रामिण विकास, अर्थशास्त्र, व्यवस्थापन, जनसंख्याविद वा इन्जिनियरिंगमा स्नातकोत्तर गरी १० बर्षको अनुभव हासिल गरि सम्बन्धित क्षेत्रमा काम गरेको हुनुपर्नेछ साथै माथि उल्लेखित विषयमा विद्यावारीधि गरेकोलाई प्राथमिकता दिईने छ । टोली नेता नेपालको विकास योजनामा अनुभव हासिल गरेको हुनुपर्नेछ ।

**ख. अर्थशास्त्री:**

कम्तीमा अर्थशास्त्र विषयमा स्नातकोत्तर उर्तिण भई, ग्रामीण तथा शहरी क्षेत्रको आर्थिक विकास योजना, अध्ययन, अनुसन्धानमा ५ बर्ष भन्दा बढि अनुभव हासिल गरेको हुनुपर्नेछ साथै माथि उल्लेखित

विषयमा विद्यावारीधि गरेकोलाई प्राथमिकता दिइनेछ । निजसँग नेपालको अर्थतन्त्र तथा विकासको बारेमा ज्ञान र अनुभव भएको हुनुपर्नेछ ।

**ग. सामाजिक विकास विज्ञः**

समाजशास्त्र, सामाजिक विकास, ग्रामिण विकास वा लैंगिक विकासमा स्नातकोत्तर गरी कम्ती ५ बर्षको अनुभव हासिल गरेको हुनुपर्नेछ साथै माथि उल्लेखित विषयमा विद्यावारीधि गरेकोलाई प्राथमिकता दिइनेछ । नेपालको सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, फरक क्षमता भएका, आदी) को बारेमा अध्ययन, अनुसन्धान, तथा योजना तयार गरेकालाई प्राथमिकता दिइनेछ ।

**घ. वातावरण वा विपद व्यवस्थापन विज्ञ**

मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण वा विपद व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरी सम्बन्धित क्षेत्रमा ५ बर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ साथै माथि उल्लेखित विषयमा विद्यावारीधि गरेकोलाई प्राथमिकता दिइनेछ । साथै निजले वातावरण विकास योजना तयार गरेको हुनुपर्नेछ ।

**ङ. भौगोलिक सूचना प्रणाली विज्ञ :**

भूगोल, भौगोलिक सूचना प्रणाली, रिमोट सेन्सींग, इन्जिनियरिंग वा सो सरहको क्षेत्रमा स्नातकोत्तर गरी भौगोलिक सूचना प्रणाली मार्फत नक्शा तयार गर्ने कार्यमा ५ बर्षको अनुभव हासिल गरेको । साथै माथि उल्लेखित विषयमा विद्यावारीधि गरेकोलाई प्राथमिकता दिइनेछ ।

**च. सिभिल इन्जिनियर :**

सिभिल इन्जिनियरिङ्गमा स्नातक गरी ५ वर्षको अनुभव प्राप्त गरेको साथै माथि उल्लेखित विंषयमा स्नातकोत्तर गरेकोलाई प्राथमिकता दिइनेछ । निजसँग भौतिक विकासको बारेमा राम्रो ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ ।

**छ. कृषि तथा पशु विज्ञ**

कृषि वा पशू विज्ञानमा स्नातकोत्तर गरि ५ वर्षको अनुभव प्राप्त गरेको साथै माथि उल्लेखित विषयमा विद्यावारीधि गरेकोलाई प्राथमिकता दिइनेछ ।

**ज. पर्यटन विज्ञ**

पुरातत्व वा पर्यटनमा स्नातकोत्तर गरि ५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । निजसँग पुरातत्व तथा पर्यटनको बारेमा राम्रो ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ । साथै माथि उल्लेखित विषयमा विद्यावारीधि गरेकोलाई प्राथमिकता दिइनेछ ।

**झ. तथ्यांकशास्त्री तथा वित्तीय विशेषज्ञ**

तथ्यांकशास्त्र तथा व्यवस्थापन विषयमा स्नातकोत्तर गरि ५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । निजसँग तथ्यांक विश्लेषण तथा वित्तीय व्यवस्थापनको बारेमा राम्रो ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ । साथै माथि उल्लेखित विषयमा विद्यावारीधि गरेकोलाई प्राथमिकता दिइनेछ ।

**९. प्रतिवेदन तयारी तथा भुक्तानी**

आवधिक नगर विकास योजना तर्जुमा गर्दा परामर्शदाताले देहाय अनुसारको प्रतिवेदन तयार गर्नुपर्नेछ र सोही अनुसार भुक्तानीलाई समावेस गरिएको छ ।

**क. प्रारम्भीक प्रतिवेदन (Inception Report)**

नगरपालिकासँग सम्झौता तथा कार्यादेश प्राप्त भएको १५ दिन भित्र परामर्शदाताले नगरपालिकालाई आवधिक नगर विकास योजनाको प्रारम्भीक प्रतिवेदन बुझाउनु पर्नेछ । उक्त प्रतिवेदन प्राप्त भएपश्चात नगरपालिकाबाट ३० प्रतिशत प्रथम किस्ताको रुपमा परामर्शदातालाई उपलब्ध गराइनेछ ।

**ख. मस्यौंदा प्रतिवेदन (Draft Report)**

सम्झौतामा उल्लेख भए अनुसार दुई महिना भित्र आवधिक योजनाको मस्यौंदा प्रतिवेदन तयार गर्नुपर्नेछ । उक्त मस्यौदा प्रतिवेदन प्राप्त भएपश्चात नगरपालिकाबाट ४० प्रतिशत रकम दोश्रो किस्ताको रुपमा परामर्शदातालाई उपलब्ध गराइनेछ ।

**ग. अन्तिम प्रतिवेदन**

मस्यौंदा प्रतिवेदनमा दिइएको सुझाव सल्लाह तथा पृष्ठपोषणलाई समावेस गरेपश्चात र नगरपालिकाको कार्यपालिका वैठकबाट आवधिक योजना स्वीकृत भएपश्चात बाकी ३० प्रतिशत रकम भुक्तानी दिइनेछ । अन्तिम भुक्तानी पूर्व परामर्शदाताले आवश्यकता अनुसार कार्यपालिका वैठकमा योजनाको सार संक्षेप प्रस्तुत गर्नुपर्नेछ ।

**१०. समयावधि**

यो कार्यको लागि सम्झौता भएको मितिले कुल समयावधि ३ महिना तोकिएको छ । विशेष परिस्थिती तथा काबु वाहीरको परिस्थीती रहेमा वा कुनै मनासिव कारणले तोकिएको समयअवधि भित्र कार्य सम्पन्न गर्न नसकिएमा समय थप गर्न वाधा पुग्नेछैन् ।

**११. विविध**

यो कार्यको लागि परामशर्शदाताले आफनो कानुनी कागजात, २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपि अथवा म्याद थपको पत्र, भ्याट प्रमाणपत्रको प्रतिलीपि, कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलीपि, लगायतका प्रचलित कानुन बमोजिमका अन्य आवश्यक कागजात समावेश गर्नुपर्ने छ ।

परामर्शदाताले आवधिक योजना बनाएको अनुभवको पत्र सम्बन्धित निकाय साविकका जि.वि.स., न.पा. र हालका स्थानीय तहहरुले कार्य सम्पन्न गरेको भनी जारी गरेको सिफारिस पत्र वा कार्य सम्पन्नको पत्र अनिवार्य रुपमा संलग्न गरेको हुनु पर्नेछ ।

परामर्शदातावाट पर्न आएका प्रस्तावहरुको प्राविधिक मुल्यांकनमा साविकका जि.वि.स. वा नगरपालिका र हालको स्थानीय तह, प्रादेशिक मन्त्रालय र प्रदेश सरकारको आवधिक योजनालाई मात्र मूल्यांकन प्रकृयामा समावेश गरिने छ ।

परामर्शदाताले पेश गर्ने जनशक्तिको योग्यता र कार्य अनुभवमा जनशक्तिको माथि उल्लेख भए बमोजिम न्युनतम योग्यता हासिल गरेको सर्टिफिकेटको छाँयाप्रति अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै कार्य अनुभवमा बैयक्तिक विवरणमा उल्लेख गरे अनुसार सम्बन्धित निकायवाट जारी भएको अनुभव पत्रको छाँयाकपी पनि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

प्रस्ताव माग भएपछि दिइएको समयावधि भित्र प्रस्ताव पेश गर्नु पर्नेछ र म्याद नाघी प्रस्ताव आएमा मान्य हुने छैन । प्रस्ताव पेश गर्दा आवश्यक ढाँचामा पेश गर्नुपर्नेछ र सोको लागि नगरपालिकावाट कार्य शर्तनामा (TOR) र RFP उपलब्ध गराइने छ ।